# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, वैशाख ३१ गते २०४४ साल (अतिरिक्ताङ्क ८(क)

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

क्षेत्रीय अदालतका न्यायाधीशहरूको सेवाको शर्त र सुविधा सम्बन्धी
(तेस्रो संशोधन) नियमावली, २०४४

क्षेत्रीय अदालतका न्यायाधीशहरूको सेवाको शर्त र सुविधा सम्बन्धी नियमावली, २०३३ लाई संशोधन गर्न वान्छनीय भएकोले,

न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा १९ र २९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सर्वोच्च अदालतको सल्लाह लिई देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "क्षेत्रीय अदालतका न्यायाधीशहरूको सेवाको शर्त र सुविधा सम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०४४" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. क्षेत्रीय अदालतका न्यायाधीशहरूको सेवाको शर्त र सुविधा सम्बन्धी नियमावली, २०३३ को नियम ५ मा संशोधन : क्षेत्रीय अदालतका न्यायाधीशहरूको सेवाको शर्त र सुविधा सम्बन्धी नियमावली, २०३३ (यसपछि "मूल नियमावली" भनिएको)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को नियम ५ को उपनियम (५) मा रहेका "भैपरी आउने बिदा" भन्ने शब्दहरूको सट्टा "पर्व बिदा" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल नियमावलीमा नियम ६ क., ६ ख., ६ ग. र ६ घ. थप : मूल नियमावलीको नियम ६ पछि देहायका नियम ६ क., ६ ख., ६ ग. र ६ घ. थपिएका छन् :–

"६ क. आवास सुविधा : (१) क्षेत्रीय न्यायाधीशलाई आवासको निमित्त श्री ५ को सरकारबाट सरकारी घरको बन्दोवस्त हुनेछ । त्यस्तो बन्दोवस्त नभएकोमा क्षेत्रीय अदालत अवस्थित रहेको जिल्ला वा उपत्यक भित्र आफ्नो उपयुक्त घर नहुने क्षेत्रीय न्यायाधीशलाई घर भाडा वापत प्रतिमास निजको मासिक पारिश्रमिकको आधा रकम दिइनेछ । यसरी घर भाडा वापत मासिक पारिश्रमिकको आधा रकम प्राप्त गर्ने क्षेत्रीय न्यायाधीशले त्यस्तै उपयुक्त घर भाडामा लिएको हुनु पर्नेछ ।

(२) क्षेत्रीय न्यायाधीशलाई घर र कम्पाउण्डको मरम्मत र सरसफाई खर्च वापत प्रत्येक वर्ष निजको मासिक पारिश्रमिकको आधा रकम दिइनेछ । यो सुविधा भाडाको घरमा बसे पनि दिइनेछ ।

६ ख. टेलिफोन सुविधा : क्षेत्रीय न्यायाधीशलाई श्री ५ को सरकारको स्वामित्वमा रहने गरी टेलिफोन एक जडान गरी मासिक न्यूनतम अनिवार्य शुल्कको सुविधा दिइनेछ ।

६ ग. सवारी तथा इन्धन सुविधा : (१) मुख्य न्यायाधीशलाई सवारीको निमित्त ड्राइभर सहितको मोटर एक, मासिक एक सय लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोविल उपलब्ध गराइनेछ ।

(२) सवारीको निमित्त तीनजना क्षेत्रीय न्यायाधीशलाई ड्राइभर सहितको मोटर एक, त्रैमासिक पाँच लिटर मोविल र प्रत्येक न्यायाधीशलाई मासिक चालीस लिटर पेट्रोल उपलब्ध गराइनेछ ।

तर मध्यमाञ्चल क्षेत्रीय अदालतको न्यायाधीश प्रत्येकलाई मासिक पचास लिटरका दरले पेट्रोल उपलब्ध गराइनेछ ।

६ घ. दशैं खर्च: क्षेत्रीय न्यायाधीशले खाई पाई आएको एक महिना तलब बराबरको रकम दशैं खर्चको रूपमा पाउनेछ ।"

मल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को,–

(१) उपनियम (१) को खण्ड (क) मा रहेको "मुख्य न्यायाधीशलाई आठ सय रूपैयाँ र न्यायाधीशलाई सात सय पचास रूपैयाँका दरले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्ने शब्दहरूको सट्टा "आफ्नो मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-नियम (२) को खण्ड (क) मा रहेका "मुख्य न्यायाधीशलाई आठ सय रूपैयाँ र न्यायाधीशलाई सात सय पचास रूपैयाँका दरले" भन्ने शब्दहरूको सट्टा "आफ्नो मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप-नियम (५) को सट्टा देहायको उप-नियम(५) राखिएको छः–

"(५) यस नियम बमोजिम क्षेत्रीय न्यायाधीशले पाउने उपदानको रकम निजको बाह्र महिनाको पारिश्रमिक भन्दा बढी हुनेछैन ।"

५. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को,–

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :–

"(२) आफ्नो पदमा बहाल छँदै क्षेत्रीय न्यायाधीशको मृत्यु भएमा निजले यस नियमावली बमोजिम निवृत्तभरण पाउन नसक्ने भई उपदान सम्म पाउने रहेछ भने त्यस्तो उपदानको रकम निजको परिवारको सदस्य-हरू मध्ये उपनियम (१) मा तोकिएको व्यक्तिले पाउनेछ ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :–

"(३) क्षेत्रीय न्यायाधीश आफ्नो पदमा बहाल छँदै वा निवृत्त-भरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको विधवा पत्नीले उपनियम (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्त-भरण नपाउने भएमा वा निजको पतिले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भई सकेपछि निजको पतिको मृत्यु भएकोमा, मृत्यु भएको मितिदेखि दश वर्षसम्म निजको पतिले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।"

६. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ को,–

(१) उपनियम (१) को,–

(क) दोस्रो हरफमा रहेका "खर्चको नब्बे प्रतिशत" भन्ने शब्दहरूको सट्टा "खर्च" भन्ने शब्द राखिएको छ ।

(ख) खण्ड (क) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :–

"तर चिकित्सकको प्रेसक्रिप्शनमा रोगको निदान (डाइ-ग्नोसिस) उल्लेख भएको हुनु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर चिकित्सकको प्रेसक्रिप्शनमा रोगको निदान (डाइग्नोसिस) उल्लेख भएको हुनु पर्नेछ ।"

(२) उपनियम (२) मा रहेका "नौ महिनाको" भन्ने शब्दहरूको सट्टा "बाह्र महिनाको" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपनियम (४) मा रहेका "औषधि उपचार गराए बापत" भन्ने शब्दहरू झिकिएका छन् ।

(४) उपनियम (६) मा रहेका "न्यायाधीश वा मुख्य न्यायाधीशको पदमा गरी जम्मा ६ वर्षको सेवा अवधि पूरा गरिसकेको" भन्ने वाक्यांश झिकिएको छ र "बिल बमोजिम भएको उपचार खर्चको" भन्ने शब्दहरूपछि "नब्बे प्रतिशत" भन्ने शब्दहरू थपिएका छन् ।

(५) उपनियम (६) पछि देहायको उपनियम (६ क) र (६ ख) थपिएका छन् :–

"(६ क) क्षेत्रीय न्यायाधीशको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा, छोरी बिरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेश मै अस्पतालमा भर्ना भई शल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शन बमोजिम लागेको औषधि उपचार खर्चको नब्बे प्रतिशत रकम उपनियम (२) बमोजिम क्षेत्रीय न्यायाधीशले पाउने रकम मध्येबाट पाउनेछ ।

(६ ख) उपनियम(६)र(६क)मा जुनसुकै कुरा लेखिएको भएता पनि क्षेत्रीय न्यायाधीशको सगोलको पति वा पत्नी, आमा वा बाबु कुनै सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रण भएको संस्थानको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउनेछैन।"

(६) उपनियम (७) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :–

"तर निवृत्तभरण पाउने गरी सेवाबाट अवकाश पाएको क्षेत्रीय न्यायाधीशले त्यस्तो बाँकी भए जति पूरै रकम त्यसरी सेवाबाट अलग हुँदा एकमुष्ट लिन पाउनेछ ।"

(७) उपनियम (७) पछि देहायका उपनियम (८), (९) र (१०) थपिएका छन् :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भएता पनि संवैधानिक पदाधिकारी भै वा कुनै सरकारी सेवा गरे बापत उपचार खर्च लिई सकेको क्षेत्रीय न्यायाधीशले अघि पाएको उपचार खर्च कट्टा गरी बाँकी रकम मात्र पाउनेछ ।

(९) यस नियम बमोजिम उपचार खर्च माग गर्ने क्षेत्रीय न्यायाधीशले अदालतमा उपस्थित हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नु पर्नेछ । बिरामी बिदा बाँकी नभएमा मात्र अन्य बिदा माग गर्न सक्नेछ ।

(१०) यस नियम बमोजिम क्षेत्रीय न्यायाधीशले पाएको उपचार खर्चको विवरण क्षेत्रीय न्यायाधीशको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नु पर्नेछ ।"

७. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :–

"(क) पर्व बिदा"

८. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छ :–

"११. पर्व बिदा : (१) क्षेत्रीय न्यायाधीशले प्रत्येक वर्ष पारिश्रमिक सहितको तीन दिनमा नबढाई पर्व बिदा पाउन सक्नेछ ।

(२) पर्व बिदा आधा दिन पनि लिन पाउनेछ ।

स्पष्टिकरण : यस उपनियमको प्रयोजनको लागि "आधा दिन" भन्नाले दैनिक कार्यालय समयको आधा समय सम्झनु पर्छ ।

(३) एक वर्षको पर्व बिदा संचित गरी अर्को वर्षमा लिन पाइने छैन ।

(४) बिदा दिने अधिकारीले मौखिक अनुरोधको आधारमा पनि पर्व बिदाको स्वीकृति दिन सक्नेछ ।

तर त्यसरी पर्व बिदाको स्वीकृति दिएकोमा निजले बिदा दिए लिएको कुराको अभिलेख राख्न लगाउनु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मूल नियमावलीको नियम १२ मा संशोधन : मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छः–

"१२. घर बिदाः (१) क्षेत्रीय न्यायाधीशले प्रत्येक वर्ष पारिश्रमिक सहितको तीस दिनमा नबढाई घर बिदा पाउनेछ ।

(२) एक वर्षको तीस दिनसम्म घर बिदा सोही वर्षभित्र जहिले पनि लिन पाउनेछ ।

(३) प्रत्येक वर्षको चैत्र मसान्तसम्म सञ्चित रहेको घर बिदा मध्ये बढीमा तीस दिनसम्मको घर बिदा वापत क्षेत्रीय न्यायाधीशले निजको पदाधिकार रहेको पदको शुरू तलब स्केलको दरले हुन आउने रकम एकमुष्ट सोही आर्थिक वर्षभित्र लिन पाउनेछ ।

(४) यो नियम लागू हुँदा बहाल रहेको क्षेत्रीय न्यायाधीशको सम्वत् २०४३ साल चैत्र मसान्तसम्म सञ्चित रहेको एक सय बीस दिनसम्मको घर बिदा वापत निजले तत्काल प्रचलित नियम अनुसार प्रत्येक वर्ष बढीमा तीस दिनका दरले घर बिदा वापतको रकम चार वर्षभित्र भुक्तानी लिन पाउनेछ ।

तर,

(१) यो नियम लागू भएको चार वर्षभित्र अवकाश प्राप्त गर्ने क्षेत्रीय न्यायाधीशले त्यसरी सेवाबाट अवकाश प्राप्त गर्दा निजको सञ्चित रहेको घर बिदाको रकम एकमुष्ट लिन पाउनेछ ।

(२) तीस दिनसम्म मात्र घर बिदा सञ्चित रहेछ भने सो घर बिदा वापतको रकम क्षेत्रीय न्यायाधीशले एकमुष्ट एक वर्षमा नै लिन पाउनेछ ।

(५) क्षेत्रीय न्यायाधीशको संचित घर बिदाको रकम निजले लिन नपाउँदै निजको मृत्यु भएमा त्यस्तो संचित घर बिदाको रकम नियम ८ को उपनियम (१) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

(६) क्षेत्रीय न्यायाधीशले घर बिदामा घर जाँदा र घरबाट फर्कंदा वर्षको एक पटक पैदलको बाटोलाई आठ कोसको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निमित्त एक दिनको दरले र मोटर, रेल वा हवाई जहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटो म्याद पाउनेछ। बाटो म्याद दिंदा सबै भन्दा छिटो साधनद्वारा सबैभन्दा छोटो बाटोको दिइनेछ र आउँदा जाँदा वास्तविक लागेको दिन भन्दा बढी दिइनेछैन।

तर घर बिदामा घर नगई अन्यत्र जान वा बस्नको निमित्त बाटो म्याद दिइनेछैन।"

१०. मूल नियमावलीको नियम १३ मा संशोधन : मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छ :–

"१३. बिरामी बिदा : (१) क्षेत्रीय न्यायाधीशले साल एकको बाह्र दिनका दरले पारिश्रमिक सहितको बिरामी बिदा पाउन सक्नेछ। बिरामी बिदा साल भुक्तान नहुँदै पनि बढीमा बाह्र दिनसम्मको पेस्की लिन सकिनेछ।

(२) एक वर्षको बिरामी बिदा सञ्चित गरी अर्को वर्षमा लिन पाउनेछैन।

तर प्रत्येक वर्षको चैत्र मसान्तसम्म सञ्चित रहेको बिरामी बिदा वापत क्षेत्रीय न्यायाधीशले निजको पदाधिकार रहेको पदको शुरू तलब स्केलको दरले हुन आउने एकमुष्ट रकम सोही आर्थिक वर्षभित्र लिन पाउनेछ।

(३) यो नियम लागू हुंदा बहाल रहेका क्षेत्रीय न्यायाधीशको सम्वत् २०४३ साल चैत्र मसान्तसम्म सञ्चित रहेको बिरामी बिदाको रकम पाच वर्षभित्र भुक्तानी लिन पाउने गरी दामासाहीले हिसाब गर्दा पर्न आउने दिन जतिको रकम तत्काल प्रचलित नियम अनुसार प्रत्येक वर्ष लिन पाउनेछ।

तर,

(१) यो नियम लागू भएको पाँच वर्षभित्र अवकाश प्राप्त गर्ने क्षेत्रीय न्यायाधीशले त्यसरी सेवाबाट अवकाश प्राप्त गर्दा निजको सञ्चित बिरामी बिदाको रकम एकमुष्ट लिन पाउनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

20

(२) दामासाहीले हिसाब गर्दा प्रत्येक वर्ष तीस दिन वा सो भन्दा घटी दिन पर्न आउने रहेछ भने प्रत्येक वर्ष तीस दिनमा नबढाई बिरामी बिदाको रकम लिन पाउनेछ।

(४) क्षेत्रीय न्यायाधीशलाई कुनै ठूलो र कडा रोग लागी स्वीकृत चिकित्सकको प्रमाण-पत्र पेश गरेमा निजको बिरामी बिदा वा घर बिदा बाँकी रहेनछ भने एक पटकमा दुई महीनासम्म पारिश्रमिक सहितको र चार महिनासम्म बिना पारिश्रमिकको थप बिरामी बिदा पाउन सक्नेछ।

तर,

(१) पारिश्रमिक सहितको थप बिरामी बिदा लिएकोमा त्यस्तो थप बिरामी बिदा निजको पछि पाक्ने घर बिदा र बिरामी बिदाबाट कट्टी हुनेछ।

(२) सेवा अवधि भरमा जम्मा बाह्र महिना भन्दा बढी बिना पारिश्रमिकको थप बिरामी बिदा पाउनेछैन।

(५) क्षेत्रीय न्यायाधीशको सञ्चित बिरामी बिदाको रकम निजले लिन नपाउँदै निजको मृत्यु भएमा त्यस्तो सञ्चित बिरामी बिदाको रकम नियम ८ को उपनियम (१) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ।"

११. मूल नियमावलीको नियम १६ मा संशोधनः मूल नियमावलीको नियम १६ को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "भैपरी आउने बिदा" भन्ने शब्दहरूको सट्टा "पर्व बिदा" भन्ने शब्दहरू राखिएका छन्।

आज्ञाले,

ध्रुववरसिंह थापा

श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८